# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र
# सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।
# आ.व. २०७३/७४ को तेश्रो त्रैमासिक विवरण

**(क) बैंकको स्वरुप र प्रकृति :**
प्रचलित कम्पनी ऐन बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ (१) बमोजिमको वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत पत्र प्राप्त "क" वर्गको बैंक ।

**(ख) बैंकको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा बैंकको प्रवन्ध पत्र र नियमावलीमा व्यवस्था भए बमोजिमको काम, कर्तव्य र अधिकार रहनेछ ।

**(ग) बैंकमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
बैंकमा कार्यरत कर्मचारी संख्या ४९६ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । व्यवस्थापन समुहको नाम र पद बैंकको वेबसाईट **http://wwww.civilbank.com.np/Management-Team/19/** मा हेर्नसकिन्छ ।

**(घ) बैंकबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०६३ बमोजिम 'क' वर्गको इजाजतपत्र प्राप्त बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**(ङ) सेवा प्रदान गर्ने बैंकको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने बैंकको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाईट
**http://wwww.civilbank.com.np/Branch-Location/7/** मा राखिएको छ ।

**(च) सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकका वेबसाईट
**http://wwww.civilbank.com.np/financial-highlights/Schedule-of-Charges/11/** मा प्रकाशित गरिएको छ ।

**(छ) निर्णय गर्ने प्रकृया र अधिकार :**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंक संचालक समिति निर्णयकर्ताको रुपमा रहने छ ।

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रीय स्तरमा कानून तथा शेयर विभाग प्रमुख एवं कम्पनी सचिवलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम, ठेगाना यस प्रकार छ :

**श्री डिल्ली राम श्रेष्ठ**
प्रमुख - कानून तथा शेयर विभाग/ कम्पनी सचिव
सिभिल बैंक लिमिटेड, प्रधान कार्यालय, कमलादी, काठमाण्डौं
पोष्ट बक्स नं. ९७९९, फोन नं. ०१-४१६९०३०, ४१६९०३३, ४१६९०४०, ईमेल : dilli.shrestha@civilbank.com.np

**(झ) सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम 'क' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु सम्पादन भइरहेको छ ।

**(ञ) सूचना अधिकारी र प्रमुख नाम र पद :** बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यस प्रकार रहेको छ :

**श्री सर्वेन्द्र मिश्र**
प्रमुख संचालन अधिकृत
सिभिल बैंक लिमिटेड, प्रधान कार्यालय, कमलादी, काठमाण्डौं
पोष्ट बक्स नं. ९७९९, फोन नं. ०१-४१६९०३०, ४१६९०३३, ४१६९०४०,
ईमेल : sarbendra.mishra@civilbank.com.np

साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रवन्धकहरु र कर्पोरेट कार्यालयको लागि कानून अधिकृत दिनेश भूर्तेललाई सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. विनिमय अधिकार पत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका एवम् परिपत्रहरु

**(ठ) आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक वित्तीय विवरण राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित हुँदै आउनुका साथै बैंकको वेबसाईट **http://wwww.civilbank.com.np/financial-highlights/Quarterly-Financial-Reports/2/** मा समेत त्यस्तो विवरण राखिएको छ । साथै बैंकको हालसम्मको वार्षिक प्रतिवेदन बैंकको वेबसाइट **http://wwww.civilbank.com.np/ financial-highlights/Annual-Reports/1/** मा राखिएको छ ।

**(ड) तोकिए बमोजिमको अन्य विवरण :**
नेपाल राष्ट्र बैंकको निर्देशानुसार आर्थिक वर्ष २०७३/७४ भित्र बैंकको चुक्ता पूँजी ८ अर्व पुऱ्याउने सिलसिलामा यस बैंकले युनिक फाइनान्स लिमिटेड र हामा मर्चेण्ट एण्ड फाइनान्स लिमिटेडलाई प्राप्ति **(Acquire)** गर्नको लागि नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति **(Letter of Intent)** प्राप्त भएको छ । यसका अतिरिक्त बैंकको संचालक समितिले चुक्ता पुँजीको ३०% हकप्रद शेयर जारी गर्ने समेत निर्णय गरेको छ ।

**(ढ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
यस बैंकले प्रचलित नियम कानून बमोजिम विभिन्न प्रकारका बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, यस बाहेक छुट्टै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**(ण) सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण : http://wwww.civilbank.com.np/**

**(त) बैंकले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
हाल सम्ममा बैंकले कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन ।

**(थ) बैंकले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**
बैंकले प्रचलित कानून बमोजिम नियमित बैंकिङ्ग सेवा प्रदान गर्दै आएको र बैंकले गरेको कार्यहरु समावेश गरी हरेक वर्ष वार्षिक साधारण सभामा लेखापरीक्षक प्रतिवेदन सहित संचालक समितिको वार्षिक प्रतिवेदन पेश गर्ने गरिएको छ । यस्तै बैंकले हरेक तीन/तीन महिनामा अपरिष्कृत वित्तीय विवरण प्रकाशित गर्दै आइरहेको छ । उक्त प्रतिवेदनहरु बैंकको वेबसाईट **http://wwww.civilbank.com.np/financial-highlights/ Quarterly-Financial-Reports/2/** मा अपलोड गरिएको छ ।

**(द) बैंकले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना दिएको विवरण :**
हाल त्यस प्रकारको वर्गिकरण गरिएको छैन ।

**(ध) बैंकमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**
यो त्रयमासमा सूचनाको माग सम्बन्धी १ वटा निवेदन परेको र सो निवेदन बमोजिम सार्वजनिक महत्वका सुचनाहरु बैंकले उपलब्ध गराएको छ ।

**(न) बैंकको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**
वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेबसाईटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाईटमा समेत राख्दै आएको छ ।


सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank
www.civilbank.com.np, SWIFT: CIVLNPKA

**सिभिल बैंक लिमिटेड**
केन्द्रीय कार्यालय/मुख्य शाखा
क्लासीक कम्प्लेक्स, तीनधारा रोड, कमलादी, काठमाण्डौं-३१
पोष्ट बक्स: ९७९९, फोन: ४१६९०३०, ४१६९०३३, ४१६९०४०,
फ्याक्स: ४१६९०३८